नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #८२

२६ भदौ २०७७

**२०७७ बैशाख १ देखि भदौ २५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण**

| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २५० | ४९ | १९१ | ३९ | ३६ | ११ | ५७ | ० | १९५ | **३४६** | **८५** | **३९७** |

**२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ २५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण**

| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २४८ | ४९ | १९० | ३६ | ३५ | ९ | २७ | ० | ७६ | **३११** | **८४** | **२७५** |

**२०७७भदौ २५ देखि २६ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण**

| पहिरो | | | आगलागी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ० | **१** | ० | १ | **१** | १ | २ | **३** | २ | ३ | **५** |

# दैनिक विपद् बुलेटिन

२५ भदौ विहान१०:००बजेदेखि २६ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी **४** स्थानमा **आगलागी, ४** स्थानमा **चट्याङ्ग, २** स्थानमा **जंगली भालुको आक्रमण**का घटना घटेका छन् । यी घटनामा परेर **५** जनाको **मृत्यु,** **८** जना **घाईते** भएका छन् । आगलागीका कारण **५ लाख २५ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ५ | ० | १० | ८ | ५,२५,००० | ० | ४ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१०** वटा घट्ना भएका छन् ।
- **बाग्लुङ**को थप अपडेट मितिर२०७७।०५।१८ गते ढोरपाटन नगरपालिका वडा नं ९ भुसुण्डे, दुनेपोखरा, लाकुरीबोट स्थित अबिरल बर्षाको कारण पहिरो गई अन्दाजी ९३ घर बगाउँदा बेपत्ता भएका मध्ये **१ जना महिलाको शव फेला । हालसम्म २२ जनाको मृत्यु, १६ जना बेपत्ता** (मृतक र बेपत्ताको संख्या थपघट हुन सक्ने)
- **सुर्खेत**को बराहताल गाउँपालिका वडा नं १ सुगुरखालस्थित एक घरमा अचानक **चट्याङ्ग** पर्दा घरमा सुतिरहेका **२ बालबालिकाको मृत्यु, ३ जना घाईते** ।
- **पाल्पा**को तानसेन नगरपालिका वडा नं ५ कैलाशनगर स्थित एक घरमा मिति २०७७।०५।२० गते खाना पकाउने क्रममा ग्याँस लिग भई आगलागी हुँदा घाईते भएका **१ व्यक्ति** युनाईटेड मिशन अस्पताल पाल्पामा उपचार गराई रहेकोमा **उपचारमा क्रममा मृत्यु** ।

## घट्ना सारांश...

- **दैलेख**को नौमुले गाउँपालिका वडा नं २ नाउलीस्थित एक घरमा **चट्याङ्ग** पर्दा **१ जनाको घटनास्थलमै मृत्यु** ।
- **बझाङ्ग**को जयपृथ्वी नगरपालिका वडा नं ४ गोलाईस्थित घरमा सुतिरहेका बेला **चट्याङ्गको झड्काले लागि २ जना घाईते** । छबिसपाथिभरा गाउँपालिका वडा नं ३ खेलाउनाचौरमा अबिरल वर्षासँगै परेको **चट्याङ्ग** लागि १ वटा भैसी र २ वटा भैसीको पाडाको मृत्यू ।
- **चितवन**को माडी नगरपालिका वडा नं १ पाण्डवनगरमा १६ र १७ वर्षकी **२ किशोरीलाई जंगली भालुले आक्रमण गर्दा घाईते** ।
- **सल्यान**को कालिमाटी गाउँपालिका वडा नं १ आरुचौरस्थित बनमा गोरु चराउन गएको समयमा **भालुले आक्रमण** गर्दा **१ जना घाईते** ।
- **भक्तपुर**को मध्यपुर ठिमी नगरपालिका वडा नं ३ गठ्ठाघर ओरालोमा भक्तपुरबाट काठमाण्डौ तर्फ जाँदै गरेको बा ५ ख ३४१७ नं को टिप्परमा वायरीङ तार सर्ट भई अचानक **आगलागी** हुँदा टिपर जलेर पूर्ण रुपमा क्षति ।
- **धनुषा**को सहिदनगर नगरपालिका वडा नं २ चोराकोयलपुरस्थित एक गोठ र पसल रहेको घरमा अचानक **आगलागी** हुँदा गोठमा रहेको १ वटा गोरुको मृत्यु भई खुद्रा पसलमा रहेका सर-समान जली **२ लाख रुपैंया** बराबरको क्षति ।
- **सर्लाही**को पर्सा गाउँपालिका वडा नं १ स्थित एक गोठघरमा बालेको घुरबाट अचानक आगो सल्किई **आगलागी** हुँदा गोठघरमा राखेको बिभिन्न सर-सामानहरु जलि **३ लाख २५ हजार रुपैंया** बराबरको क्षति।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चट्याङ्ग र जंगली भालुको आक्रमणमा परी घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको, बाग्लुङ ढोरपाटनको पहिरोमा परी बेपत्ता भएकाको खोजी कार्य जारी ।

## वर्षाको सारांश

भदौ २५ गते बिहान ०८:४५ बजे देखि भदौ २६ गते ०८:४५ बजे सम्म

आज मिति२०७७/०५/२६ गते बिहान ०८:४५ बजे १९९ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ७० र स्वचालितः १२९) मा मापन गरिएको वर्षाको विवरण अनुसार १३४ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (१४२.३मि. मी.) कास्की जिल्लाको मालेपाटन (पोखरा) केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये ३ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढी, १३ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, २८ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ४९ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

<u>भदौ-२६ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)</u>

- आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने, कोशी, नारायणी र यसका सहायक नदीमा बहाब बढ्दो हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।कोशी र नारायणी जलाधारका केही स-साना सहायक नदीमा बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब भई सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- आज पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । आज कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउका स-साना नदी जलाधारमा बहाब बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, संखुवासभा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङ्गा,बारा, पर्सा, रौतहट, सर्लाही, सिन्धुली, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं उपत्यका, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्बत, म्याग्दी, बागलुङ, स्याङ्जा, नवलपरासी, पाल्पा, गुल्मी, कपिलबस्तु, रुकुम, रोल्पा, सल्यान, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कन्चनपुर र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब( Flash Flood) हुन सक्ने पूर्वानुमान छ ।

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/